# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०७८/०७९
च. नं.:

मितिः २०७८/०९/०६

## बेमौसमी वर्षाको कारण धान बालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने सम्बन्धी सूचना

सम्मत् २०७८ कार्तिक महीनामा धान पाक्ने/ धान काटेपछि परेको बेमौसमी वर्षाको कारण भएको बाढी, पहिरो वा भएको डुवानबाट धान बालीमा क्षति पुगेका किसानलाई नेपाल सरकार, मन्त्रिपरिसद्को मिति २०७८।०७।११ को निर्णयबमोजिम बेमौसमी वर्षाको कारण धान बालीमा क्षति पुगेका नेपाली किसानहरूलाई तपसील बमोजिम राहत रकम उपलब्ध गराइने भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७८।०९।२१) भित्र सम्बन्धित वडामा आवश्यक कागजात सहित प्रस्तावना दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसील</u>

**कार्यक्रमको नामः बेमौसमी वर्षाको कारण धान बालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने**

**क्षति भन्नाले: २०७८ साल कार्तिक महीनामा धान पाक्ने समयमा भएको वर्षाका कारण आएको बाढी, पहिरो वा भएको डुवानका कारण अंपेक्षित उत्पादन परिमाणको ३० प्रतिशत भन्दा बढी क्षति भई उत्पादन बीउ वा खाद्यान्नको रूपमा प्रयोग हुन नसक्ने गरी भएको क्षति।**

**आवेदकः बेमौसमी वर्षाको कारण धान बालीमा क्षति पुगेका नेपाली किसान**

सञ्चालन प्रक्रियाः बेमौसमी वर्षाको कारण धान बालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड, २०७८ बमोजिम।

<u>मापदण्ड तथा राहतको सीमा</u>

१. धानबालीका लागि नेपाल सरकारले गुल्मी जिल्लाका लागि निर्धारण गरेको औसत उत्पादन दर १.०८ क्विन्टल/कट्ठाका लागि धानको औसत उत्पादन लागत मूल्य प्रति क्विन्टल रू. २,३०४ का दरले हुन आउने उत्पादन लागत रकमको पूर्ण क्षति पुगेका साना किसानलाई ६५ प्रतिशत, मध्यम किसानलाई ३० प्रतिशत र ठूला किसानलाई २० प्रतिशत र आंशिक क्षति पुगेका साना, मध्यम र ठूला किसानलाई उत्पादन लागतको २० प्रतिशतका दरले हुन आउने रकम। (साना किसान भन्नाले १० कट्ठासम्म, मध्यम किसान भन्नाले १० कट्ठा देखि ३ विगाहसम्म र ठूला किसान भन्नाले ३ विगाह भन्दा माथि बढी जग्गा भएको किसान सम्झनु पर्छ)

२. राहत रकम माथिको हिसाबका दरले हुन आउने रकम वा प्रति किसान अधिकतम रकम रू. ५५ हजारसम्म मात्र।

३. एकभन्दा बढी किसानले संयुक्त रूपमा धान खेती गरेको भए निजहरूको सहमतिमा १ जनाले प्रस्ताव पेस गर्नु पर्ने।

४. किसानको खाता रहेको बैंकको कम्प्यूटर प्रिन्ट चेक वा चेकको फोटोकपी अनिवार्य संलग्न गर्नु पर्ने (क वा ख वर्गको बैंकको मात्रा)

५. बेमौसमी वर्षाको कारण धान बालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड, २०७८ को दफा ३ को उप-दफ (५) बमोजिमका किसानलाई राहत रकम उपलब्ध गराइने छैन।

नि० प्रमुख प्रशासकीय अधिकृत

इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेबसाइट:- www.satyawatimun.gov.np
फेसबुक पेज:-https://www.facebook.com/satyawatirmo

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०७८/०७९
च. नं.:

मितिः २०७८/०९/०६

आवश्यक कागजातहरू

१. प्रस्तावकको निवेदन (धान बालीको क्षतिको विवरण खुलाइको हुनु पर्ने),
२. आफ्नै जग्गामा धान बाली खेती गरेको भएमा त्यस्तो जग्गाको कित्ता नं. र क्षेत्रफल खुल्ने गरी जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि,
३. साझेदारी वा करारमा खेती भएको भए जग्गाको कित्ता नं. र क्षेत्रफल खुल्ने गरी जग्गाधनी प्रमाण पुर्जा र जग्गा धनी र किसान बीचमा भएको करार सम्झौताको प्रतिलिपि वा जग्गाधनीले गरिदिएको कागज,
४. किसानको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
५. किसानको बैक खाताको विवरण (चेकको छायाँकपि सहित),
६. वडा गत रूपमा यस अगाडि क्षतिको लागतमा समावेश नभएका किसानको हकमा माथि उल्लेखित कागजको साथमा क्षति पुगेको पुष्टि हुने प्रमाण र सम्बन्धित वडाको सिफारिस पत्र समावेश गर्नु पर्नेछ।

नेत्र प्रसाद पाण्डे
नि. प्रमुख प्रशासकीय अधिकृत
नि॰ प्रमुख प्रशासकीय अधिकृत

नोटः अन्य थप जानकारीको लागि सम्बन्धित वडाको सूचना पाटी वा मोबाइल नम्बर ९८४७४७९२६० मा सम्पर्क गरी थप जानकारी प्राप्त गर्न सकिने छ।

इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेबसाइट:- www.satyawatimun.gov.np
फेसबुक पेज:-https://www.facebook.com/satyawatirmo

## निवेदन

मितिः २०७८।......।........

**विषयः बेमौसमी वर्षाको कारण धान बालीमा भएको क्षतिको राहत उपलब्ध गराउने कार्यक्रममा सहभागी गराउने सम्बन्धमा।**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सत्यवती गाउँपालिका, खैरेनी
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल।

उपरोक्त सम्बन्धमा सम्मत् २०७८ कार्तिक महीनामा धान पाक्ने/धान काटेपछि परेको बेमौसमी वर्षाको कारण मैले/हामीले खेती गरेको तपसीलबमोजिमको धान खेतमा भएको बाढी, पहिरो वा भएको डुवानबाट धान बालीमा ३० प्रतिशत भन्दा बढी उत्पादन बीउ वा खाद्यान्नको रूपमा प्रयोग हुन नसक्ने गरी भएको हुँदा "बेमौसमी वर्षाको कारण धान बालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड, २०७८" बमोजिम पाउनु पर्ने राहत रकम मेरो बैंक खातामा उपलब्ध गराउनु हुन यो निवेदन पेस गर्दछु।

<u>तपसील</u>

किसानको नामः ........................................................................ नागरिकता नम्बरः ....................................................

जिल्लाः गुल्मी    स्थानीय तहः सत्यवती गाउँपालिका  वडा नं.: ......   गाउँ/टोलः ................................

**खेती विवरण**

**क्षेत्रफलः रोपनीमा**

| किसानको जग्गाको कुल क्षेत्रफल | खेती गरेको जग्गाको स्वामित्व | | | धान खेती गरेको जग्गाको क्षेत्रफल | धान खेती गरेको जग्गाको कित्ता नं. | धान खेती गरेको मध्ये क्षति भएको क्षेत्रफल | धान कसरी क्षति भएको हो खुलाउने | | | | क्षतिको किसिम (पूर्ण वा आंशिक) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आफ्नो | अरूको करारमा | अरूको सहमतीमा | | | | काटेको डुवानमा परी | ढलेर डुवानमा परी | बाढीले बगाएर | पहिरोले पुरेर वा बगाएर | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**बैंक खाता विवरण (कम्प्यूटर प्रिन्ट चेक वा चेकको फोटोकपी अनिवार्य संलग्न गर्नु पर्ने)**

आवेदकको खाता रहेको बैंकको नामः ........................................................................   शाखाः ....................

खाता नम्बरः ............................................................   खाताको प्रकारः ...................... (बचत/चल्ती)

**साथै यस निवेदनमा पेस गरेको विवरण ठीक छन् झुट्टा ठहरे प्रचलित कानुन बमोजिम सहने छु, बुझाउने छु।**

औंठा छाप

| | |
|---|---|
| | |
| दायाँ | बायाँ |

<u>निवेदक</u>

दस्तखतः

नामः

सम्पर्क नं.: